नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
मोरङ, विराटनगर

कार्यालय :- ०२१-५२५२५
: ०२१-५३०३७२
फ्याक्स :-०२१-५२५३५१ निजीसचिवालय
०२१-५२१३५१ नागरिकता
website :daomorang.mhoa.gov.np
E-mail : dao.morang@gmail.com
: daomorang@gmail.com

प.स.- प्र.०७६/७७
च.नं.- 686

मिति :२०७६/०५/०९

## मोरङ्ग जिल्लामा सार्वजनिक सांस्कृतिक कार्यक्रम,मेला र खेलकुद कार्यक्रम गर्दा पालना गर्नु पर्ने शर्तहरु :

१. कार्यक्रम गर्ने स्थानको स्वामित्व रहेको व्यक्ति वा निकायको सिफारिस ।
२. कार्यक्रम गर्ने सम्बन्धित स्थानीय तह (पालिका)को सिफारिस ।
३. जिल्ला प्रहरी कार्यालयको राय सहितको पत्र ।
४. कुनैपनि साँस्कृतिक कार्यक्रमहरु अनिवार्यरुपमा साँझ ८ :०० बजे बन्द गरिसक्नुपर्ने ।
५. साँस्कृतिक कार्यक्रम स्थलको आन्तरिक सुरक्षा व्यवस्था आयोजक आफैले व्यवस्था गर्नुपर्ने ।
६.साँस्कृतिक कार्यक्रम स्थलको ५०० मिटरको वरिपरि क्षेत्रमा मदिराजन्य पदार्थ तथा घरेलु हतियार प्रवेशमा बन्देज गर्ने ।
७. मादक पदार्थ सेवन गरी कार्यक्रम गर्न नपाउने ।
८. साँस्कृतिक कार्यक्रम स्थल पर्खाल लगाएको कम्पाउण्ड हुनुपर्ने ।
९. आवासिय क्षेत्रमा व्यापक ध्वनी प्रदुषण हुने गरी कार्यक्रम गर्न नपाइने ।
१०. सुरक्षा निकायले आवश्यक सम्झेमा वा शंका लागेमा जतिखेर पनि कार्यक्रम बन्द गर्न सक्ने ।
११. वालश्रमिक प्रयोग गर्न नपाईने ।
१२. भँईचम्पा , पटका तथा प्रज्वलनशिल पदार्थहरु कार्यक्रम स्थलमा प्रयोग गर्न पाईने छैन ।
१३. जुवाजन्य, हारजितका खेलहरु जस्तै तास, जुवा, डाईस जस्ता समाजमा विकृती ल्याउने प्रकृतीका खेलहरु खेल्न खेलाउन पाईने छैन ।
१४. गाउ समाजको शान्ति सुरक्षामा असर परेमा तथा मेला, सास्कृतकि कार्यक्रम संचालनवाट वाधा विरोध आएमा तत्काल वन्द गर्नुपर्नेछ ।
१५. स्थानिय सुरक्षा निकायसंग समन्वयमा कार्यक्रम संचालन गर्नुपर्नेछ ।
१६. स्थानिय प्रासनवाट अनुगमन तथा निरिक्षण हुँदा कार्यक्रम संचालनमा कुनै कमी कमजोरी भएको पाईएमा तुरुन्त वन्द गर्न सकिनेछ ।
१७. यातायात आवागमन तथा विद्यालयको पठन पाठनमा वाधानपुग्ने गरी कार्यक्रम संचालन गर्नु पर्ने छ ।
१८. तोकिए बमोजिम वाहेक प्रचलित कानूनको वर्खिलाप हुने गरी कार्य गरे गराएमा कानून बमोजिम कडा कारवाही गरीनेछ ।
१९. परम्परा रितिरिवाजमा खलल नपुग्ने गरी, उत्शृङ्खल, अश्लिल तथा भड्किलो प्रस्तुती नगर्ने ।
२०. अस्थायी प्यान नम्बर लिई आन्तरि राजश्व कार्यालयमा करदाताको रुपमा दर्ता भई सो कार्यालयको सहमति हुनु पर्ने ।

सहायक प्रमुख जिल्ला अधिकारी